निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा नयाँ प्रमुख प्रशासकीय अधिकृत श्री माधवेन्द्र चौधरी ज्यूलाई परिचयात्मक कार्यक्रम सहित स्वागत गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा यहीं मिति २०८१ साल पुष २८ गते आईतबारका दिन समय विहान ०८:०० बजे १५ औं नगर सभा (हिउँदे) बस्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा दलित आवाश भवनको लागि वडा कार्यालयबाट लाभग्राही छनौट भई आएका सेवाग्राहीहरुलाई प्राप्त बजेटको परिधि भित्र डिजाईन, नर्म्स अनुसार कार्य प्रकृया अगाडी बढाउने साथै छनौट भएका लाभग्राही सँग पालिकाबाट पारित भएका कार्यविधि अनुसार लाभग्राही सँग सम्झौता गरी निर्माण कार्य प्रकृया अगाडी बढाउने र लाभग्राही सँग पालिकाको कार्यविधि अनुसार निर्माण सम्झौता गरि कार्य अगाडी बढाउने राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौं सँग सहमती लिने निर्णय गरियो ।

४. प्रस्ताव नं.४ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) क ले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पति रेखदेख र संरक्षण गर्नु पर्ने व्यवस्था गरेको पाईन्छ । त्यस्तो सार्वजनिक सम्पतिमा कुनै संरचना निर्माण गर्नु पर्नेमा नेपाल सरकारको निर्णय बमोजिम गर्नु पर्ने हुन्छ । तसर्थ यस न.पा.अन्तर्गत वडा नं. ५ को कि.नं. १६८४ क्षे. २-५-० यति चार किल्ला भित्रको जग्गामा नगर प्रशासकीय भवन बनाउँदा सर्व साधारण जनतालाई सुविधा पुग्ने र अन्य कसैलाई मार्का नपर्ने हुँदा उक्त जग्गामा नगर प्रशासकीय निर्माण गर्नको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा सडक मर्मत गर्नु पर्ने योजनाहरु प्राथमिकता योजनाहरुलाई सडक बोर्डमा पठाउने निर्णय गरियो ।

६. प्रस्ताव नं.६ माथि छलफल गर्दा पारित भएका योजनाहरुलाई मधेश प्रदेशमा शसर्त अनुदानको लागि पठाउने निर्णय गरियो ।

७. प्रस्ताव नं.७ माथि छलफल गर्दा सिंचाई मोटर खरिद ठेक्का नं. **AM/GOODS/SQ/080/081-10** रद्द गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं.८ माथि छलफल गर्दा आजको मिति सम्म पेश भएको तपशिल बमोजिमको ऐन, नियम तथा कार्यविधिहरुलाई पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

- सामाजिक सुरक्षा स्थानीय नीति,२०८१
- औरही न.पाको विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०८१
- औरही न.पा.मा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने बनेको ऐन,२०८१
- औरही न.पा.मा कार्यरत्त नगर प्रहरी काम कर्तव्य

९. प्रस्ताव नं.९ माथि छलफल गर्दा पेश भएका निम्न बमोजिमको फर्म/कम्पनीलाई घ वर्गको ईजाजत प्रमाणपत्र दिने निर्णय गरियो ।